# तिलोत्तमा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही, लुम्बिनी प्रदेश, नेपाल

प.सं.: ०७७/०७८/प्रशासन
च.नं.: २३९३

मिति : २०७७/१०/१३

श्री वडा कार्यालय (सबै),
तिलोत्तमा नगरपालिका ।

विषय : सूचना टाँस गरी कार्य प्रक्रिया अगाडि बढाउने सम्बन्धमा ।

प्रस्तुत विषयमा नेपाल सरकार, भूमि सम्बन्धी समस्या समाधान आयोगको मिति २०७७/१०/०९ गतेको भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीले निवेदन दिने सम्बन्धी ३५ दिने सूचना र नगरपालिकाको मिति २०७७/१०/१३ गतेको सूचना तँहा वडा कार्यालयहरुमा टाँस गरी आवश्यक प्रक्रिया अगाडि बढाउनुहुन अनुरोध छ ।

२०७७।१०।१३
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ :

- श्रीमान् नगर प्रमुखज्यू/उप-प्रमुखज्यूको सचिवालय, तिलोत्तमा नगरपालिका ।
- सूचना प्रविधि शाखा - वेव पेजमा अपलोड गर्नुहुन ।



Scanned with CamScanner

# तिलोत्तमा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही, लुम्बिनी प्रदेश, नेपाल


प.सं.: ०७७/०७८/प्रशासन
च.नं.:

मिति: २०७७/१०/१३

## भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीले निवेदन दिने सम्बन्धी ३५ दिने सूचना ।

उपरोक्त सम्बन्धमा भूमिहीन दलित, भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने र अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्ने प्रयोजनको लागि भूमि सम्बन्धी समस्या समाधान आयोगको मिति २०७७/१०/०९ गतेको प्रकाशित सूचना बमोजिम सूचना प्रकाशन भएको मितिले ३५ दिन (२०७७/११/१३) गतेभित्र कार्यालय समयमा तिलोत्तमा नगरपालिकामा बसोबास गर्ने सम्पूर्ण भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीले देहायका आवश्यक कागजातहरु संलग्न गरी घरदैलोमा खटिएका लगत संकलक वा सम्बन्धित वडा कार्यालय वा वडा कार्यालयले तोकेको स्थानमा गई निवेदन दिनुहुन सरोकारवाला सबैमा यो सूचनाद्वारा जानकारी गराइएको व्यहोरा अनुरोध छ ।

## निवेदन दिनको लागि आवश्यक कागजातहरु

| भूमिहीन दलित/भूमिहीन सुकुम्बासीको हकमा | अव्यवस्थित बसोबासको हकमा |
|---|---|
| १) परिवारमुली र नागरिकता प्राप्त परिवारका अन्य सदस्यको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी (अनिवार्य) । | १) परिवारमुली र नागरिकता प्राप्त परिवारका अन्य सदस्यको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी (अनिवार्य) । |
| २) परिवारमूली र परिवारमूली पति/पत्नीको हालसालै खिचेको पासपोर्ट साइजको फोटो २/२ प्रति । | २) परिवारमूली र परिवारमूली पति/पत्नीको हालसालै खिचेको पासपोर्ट साइजको फोटो २/२ प्रति । |
| ३) नेपाल राज्यभित्र आफ्नो र आफ्नो परिवारका कुनै पनि सदस्यको स्वामित्वमा कतै पनि जग्गा जमिन छैन, झुठा ठहरे कानून बमोजिम सहन बुझाउन मञ्जुर छु भनी गरेको स्वयं घोषणा । | ३) उपभोगको प्रमाणसम्बन्धी कागजातको प्रतिलिपी । जस्तै: घरसार कागजको प्रतिलिपी, बसाईसराईको प्रतिलिपी, मतदाता परिचयपत्र, विद्युत पानीको महसुल बुझाएको प्रमाण, स्थानीय तहले दिएको सिफारिस, घर नक्सापासको प्रतिलिपी, स्थानीय तहले घरधुरी कायम गरी कर संकलन गरेको प्रमाण आदि (उपलब्ध भए सम्म) । |
| ४) आफ्नो र आफ्नो परिवारका कुनै पनि सदस्यको आय आर्जन, स्रोत र प्रयासबाट जग्गा प्रबन्ध गर्न असमर्थ छु भनी गरेको स्वयं घोषणा । | ४) आफु र परिवारका सबै सदस्यको नाममा अन्यत्र रहेको सबै जग्गाको पूर्जाको प्रतिलिपी र सम्बन्धित स्थानीय तहले सम्पत्ति कर प्रयोजनको लागि निर्धारण गरेको मूल्याङ्न सम्बन्धी स्थानीय तहको रसिद वा पत्र । |
| ५) सरकारी अनुदान वा सहयोगबाट यस अघि नेपाल राज्यभर कुनै पनि सरकारी जग्गा वा जग्गाको स्वामित्व सहितको आवास प्राप्त गरेको छैन भनी गरेको स्वयं घोषणा । | ५) भूमि सम्बन्धी ऐन, २०२१ को आठौं संशोधन जारी भएको मिति २०७६ माघ २८ गते भन्दा १० वर्ष अघिबाट निज बसोबास गरी आएको जग्गा आबाद कमोत भई आएको हो भनी वडा समितिले गरेको निर्णय र सिफारिस, |
| ६) जग्गाधनी पूर्जा भएको तर नदी कटान, पहिरो, डुवान वा अन्य प्राकृतिक विपद्का कारणले आफ्नो वा आफ्नो परिवारको स्वामित्वमा रहेको सबै जग्गा प्रयोगमा आउने सम्भावना पनि नभएकाको हकमा त्यस्तो जग्गाको हकभोग नेपाल सरकारको नाममा कायम गरेको लगत कट्टा समितिको निर्णय र मालपोत कार्यालयको पत्र । | ६) अव्यवस्थित बसोबासीले आफ्नो वा आफ्नो परिवारका सदस्यले सरकारी अनुदान वा सहयोगबाट ऐनको दफा ५२ ग. बमोजिम नेपाल राज्यभर कुनै पनि सरकारी जग्गा वा जग्गाको स्वामित्व सहितको आवास प्राप्त गरेको छैन भनि गरेको स्वयं घोषणा । |
| ७) वडा समितिको बैठकबाट निज भूमिहीन सुकुम्बासी हो भनी गरेको निर्णय । | ७) वडा समितिको बैठकबाट निज अव्यवस्थित बसोबासी हो भनी गरेको निर्णय र सिफारिस, |
| ८) उपभोगको प्रमाण सम्बन्धी अन्य कागजातहरु भए सोको प्रमाणित प्रतिलिपी । | ९) उपभोगको प्रमाण सम्बन्धी अन्य कागजातहरु भए सोको प्रमाणित प्रतिलिपी । |

२०७७/११/१३
प्रदिप पौडेल
प्रमुख प्रशासकीय अधिकृत




Scanned with CamScanner